OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २२
मंसिर २८, २०७२

ओपन माईक नेपाल बुलेटिनको बाइसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलव्ध गराउनु र उनीहरू मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# हल्ला

## मंगलटार, काभ्रेपलाञ्चोक

### मंगलटार गाउँ

"भूकम्प पिडित कार्डले बोर्डिङ स्कुलमा नि:शुल्क पढ्न पाइन्छ रे हो ?"

### लाक्पाल गाउँ

"भूकम्प पिडित कार्डले बोर्डिङ स्कुलमा नि:शुल्क पढ्न पाइन्छ रे हो ?"

### थाक्ले गाउँ

"भूकम्प पिडित कार्ड लालपूर्जा भन्दा पनि ठूलो हुन्छ रे हो ?"

## गोरखा बजार, गोरखा

"भूकम्प पिडितहरूलाई क्यानडा सरकारले क्यानडा लैजाने घोषणा गरेको तर नेपाल सरकारले लान नदिएको भन्ने हल्ला छ।"



# यथार्थ

भूकम्पबाट आफ्नो घर पूर्ण वा आंशिक क्षति भएका परिवारको पहिचान गरी सरकार तथा अन्य संघसंस्थाले उपलव्ध गराउने राहत सहयोग वितरण र अन्य कार्यक्रम प्रभावकारी बनाउन भूकम्प पिडित परिचय पत्र उपलव्ध गराइएको हो ।

सरकार र अन्य संघसंस्थाले भूकम्प पिडितलाई लक्षित कार्यक्रमका वास्तविक लाभग्राही पहिचानमा पनि परिचय पत्रले सहयोग गर्छ।


यो परिचय पत्रका आधारमा वैदेशिक रोजगारीमा लाने वा विदेश पठाउने सरकारको कार्यक्रम नभएको र त्यस्तो संझौता पनि नभएको वैदेशिक रोजगार विभागले जनाएको छ। क्यानडा सरकारले पनि त्यस्तो आग्रह नेपाल सरकारसँग नगरेको जानकारी दिइएको छ।

मानवताका आधारमा आमा-बाबु गुमाएका अनाथ वालवालिकालाई नि:शुल्क वा छुटमा पढ्ने व्यवस्था कतिपय नीजि विद्यालयले गरेका छन्। तर परिचय पत्रका आधारमा सबै पिडितलाई नि:शुल्क पढाउने व्यवस्था भने नभएको नीजि विद्यालयहरूको संगठन प्याब्सनले जनाएको छ।

जनकराज रेग्मी
प्रवक्ता
वैदेशिक रोजगार विभाग
९८५११८०५६६

लक्ष्य बहादुर केसी
अध्यक्ष
प्याब्सन
९८५१०३८३१२

# सवाल



## फुलासी, रामेछाप

"सरकारले अहिले दिने भनेको रु. १० हजार पनि कुरा मात्र हो कि दिने नै हो ?"

## मंगलटार, काभ्रेपलाञ्चोक

"अहिले दिने भनिएको रु. १० हजार कहिले पाउने हो ?"

## चयानम, ओखलढुंगा

"१० हजार पूर्ण क्षति भएकाले मात्र पाउँछन् रे हो ? आंशिक क्षति भएकाले किन नपाउने ?"

## बिगुटार, ओखलढुंगा

"रेड क्रसले ६ गाविसका पूर्ण क्षति भएकालाई रु. १० हजार पैसा बाड्ने सुचना रेडियोमा सुनियो, अरु गाविसकाले किन नपाउने ? अनि ती छवटै गाविसका आंशिक क्षतिकाले किन नपाउने रे ?"

# जवाफ

भूकम्प-प्रभावित परिवारलाई जाडोको कपडा किन्न उपलब्ध गराउने रकम सरकारले भूकम्प-प्रभावित २१ जिल्लाका जिल्ला दैविप्रकोप उद्दार समितिहरूलाई पठाइसकेको जानकारी दिएको छ।

भूकम्पले घर पूर्ण रुपमा क्षति भएका परिवारले रु. १० हजारका दरले सहयोग पाउँछन्।

सरकारले यो रकम वितरणको कार्य मंसिर महिनाभित्र सक्ने योजना बनाएको थियो। केहि जिल्लाहरूमा यो सहयोगको रकम वितरण शुरु भइसकेको छ। अहिलेसम्म रकम वितरण नभएको भए आफ्नो गाविस, नगरपालिका र जिल्ला प्रशासन कार्यालयबाट रकम वितरण कहिले हुन्छ भन्ने जानकारी लिन सक्नुहुन्छ।


नेपाल रेड क्रस सोसाइटी मौसमी सहयोग उपलब्ध गराउने सरकारको कार्यक्रममा सहभागि भएको छ । यस अन्तरगत उक्त संस्थाले ओखलढुङ्गा लगायतका भूकम्प-प्रभावित जिल्लाका केहि स्थानमा प्रति परिवार रु. १० हजार वितरण गरिरहेको छ।

नेपाल रेड क्रस सोसाइटीले जिल्ला दैविप्रकोप उद्दार समितिसँगको समन्वयमा आफूले रकम वितरण गर्ने गाविस वा नगरपालिका निर्धारण गर्छ। प्रभावित परिवारले रेड क्रस र सरकार मध्ये एकबाट मात्र रु. १० हजार पाउँछन्। यस बारेमा थप जानकारी नेपाल रेड क्रस सोसाइटीको जिल्ला शाखाबाट लिन सक्नुहुन्छ।

**बाबुराम भण्डारी**
उपसचिव,
राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र, गृह मन्त्रालय
९८५१११३४२४

**मोहन श्रेष्ठ**
जिल्ला शाखा सभापति
ओखलढुङ्गा
नेपाल रेडक्रस सोसाइटी
९८४१०७२१०१

# सवाल



## पिपलडाँडा, सिन्धुपाल्चोक

"यहाँका स्थानीयहरुमा सरकारले दिने भनेको २ लाख सहयोग अनुदानमा पहिले जस्तापाता खरिदको लागि दिएको रु १५ हजार काटेर दिने भन्ने हल्ला छ।"

## बोर्लाङ,गोरखा

"पिडितको घर बनाउनको लागि सरकारले पाँच लाख दिने रे हो ?"

## मांखा, सिन्धुपाल्चोक

"सरकारले पहिले प्रदान गरेको रु १५ हजार र अब तुरुन्त प्रदान गर्ने रु १० हजार गरी जम्मा रु २५ हजार अब सरकारले प्रदान गर्ने दुई लाखमा घटाएर मात्र आँउछ भन्ने हल्ला छ ।"

## संखु, काभ्रेपलाञ्चोक

"सरकारले १० हजार दिने रे, त्यो पनि अनुदानको दुई लाखमा बाँकि हुने एक लाख पचासी हजारबाट घटाएर रे। यसरी के हुन्छ र खै ?"

## गैरिबिसौना, काभ्रेपलाञ्चोक

"अब १० हजार दिएपछि अरु रकम सरकारले दिँदैन रे हो ?"

## महादेवस्थान, काभ्रेपलाञ्चोक

"सरकारले २ लाख दिने भनेको रकमबाटै १५ हजार कटाए जस्तै अब दिने भनेको जाडो कटाउन दिने रकम पनि त्यस्तै हो कि ?"

# जवाफ

सरकारले भूकम्पका कारण घर पूर्ण रुपमा क्षति भएका सबै परिवारलाई स्थायी घर निर्माणको लागि रु. २ लाख उपलब्ध गराउने योजना बनाएको छ।

यस्तो अनुदान वितरण सम्बन्धि पछिल्लो कार्यविधिमा सरकारले विपन्न परिवारका लागि उपलब्ध गराउने भनिएको रु. ३ लाख सम्मको सहुलियत व्याजदरको ऋणको विषय पनि समावेश गर्न कार्यविधि संशोधनका लागि मन्त्री परिषद्मा पेश गरेको छ।


अनुदानको रु. २ लाख र विपन्न परिवारका लागि सामुहिक जमानीमा उपलब्ध गराउने भनिएको रु. ३ लाख कहिले उपलब्ध हुन्छ भन्ने यकिन भएको छैन

पछिल्लो कार्यविधिमा यस अघि उपलब्ध गराइएको रु. १५ हजार रु. २ लाखबाट कटाउने वा नकटाउने कुरा उल्लेख छैन। तर, गत जेष्ठ ४ र १२ गतेको गृह मन्त्रालयको पत्रमा भने कटाउने उल्लेख थियो।

सरकारले जाडोको कपडा किन्न उपलब्ध गराउने रकम रु. २ लाख अनुदानबाट घटाउने कुरा सरकारले जारी गरेको श्वेत पत्रमा उल्लेख छैन।

पदम कुमार मैनाली
प्रवक्ता
शहरी विकास मन्त्रालय
९८५१००५२१९

# सवाल



## कुभिण्डे, सिन्धुपाल्चोक

"जस्तापाताको अस्थायी टहराबाट शित चुहिने र भुईँबाट चिसो आउनाले वालवालिका, सुत्केरी महिला र वृद्धवृद्धालाई गाह्रो हुने गरेको छ। सुत्ने ओच्छ्यानमै शित चुहिन थालकोले हिउँद कटाउन मुश्किल परेको छ।"

## नलाङ, धादिङ

"चिसो बढेका कारण अस्थायी टहरामा बस्नलाई समस्या भएको छ। चिसोले वालवालिकामा निमोनिया भएको छ। वृद्धवृद्धाहरुलाई पनि सताएको छ। नाकाबन्दीले औषधी अभाव भएका कारण झनै समस्या दखिएको छ।"

## महादेवस्थान, काभ्रेपलाञ्चोक

"अहिले छाप्रोमा शित चुहिएर बस्न निकै गाह्रो भो। सुतेको सिरक बिहान भिजेको हुन्छ। दिउँसो घाम लागेपछि सुकायो, राती उस्तै हुन्छ।"

# जवाफ

चिसोको समयमा हाम्रो शरिरको रोग प्रतिरोधी क्षमता केहि कम हुने हुनाले संक्रमणको संभावना बढि हुन्छ। फोक्सोमा व्याक्टेरिया, भाइरस वा फङ्गाइको संक्रमणले निमोनिया हुन्छ। पाँच बर्ष मुनिका वालवालिका र ६५ बर्ष माथिका मानिसमा निमोनियाको संभावना अझ बढि हुन्छ।

नियमित हात धुने जस्ता स्वस्थ व्यवहारले निमोनियाबाट बच्न सहयोग पुग्छ। रुघा खोकी लागेका व्यक्तिको सम्पर्कबाट टाढै रहेमा किटाणुको संक्रमणबाट बच्न सजिलो हुन्छ।

जाडोको कारणले अस्थायी टहरामा शित चुहिने समस्या कम गर्न शित सोस्ने पुरानो गुन्द्री, खर, पराल जस्ता स्थानीय सामग्री छानोको भित्रपट्टि प्रयोग गर्ने र शित तर्काउन त्रिपाल वा प्लास्टिक छानाको भित्रबाट राख्ने जस्ता उपाय परिवारले गर्न सक्छन्।

भुईँको चिसो कम गर्न उपलब्ध भएसम्म पुराना काठ, फलेक तथा खर, पराल, म्याट जस्ता सामग्री आच्छ्यानको मुनि मिलाएर राख्न सकिन्छ।

वालवालिकालाई न्यानो राख्न टाउको र कान ढाक्ने गरी पुरानो भएपनि सफा लुगा लगाइदिनुपर्छ। सकेसम्म तातो पानी र खाना खुवाउनुपर्छ। सकेसम्म वालवालिका र दमका विरामीलाई धुँवाबाट टाढै राख्नुहोस्। टहरा भित्र आगो बालेको समयमा हावा छिर्ने ठाउँ खुला राख्नुहोस्।

दामोदर अधिकारी
स्वास्थ्य उपसमिति
विश्व स्वास्थ्य संगठन
९८०१०१००२२

# हल्ला



## पाँचखाल, काभ्रेपलाञ्चोक

"कारितास नामक संस्थाले पाँचखालका भूकम्प पिडितलाई घर बनाइदिन्छ रे।"

# यथार्थ

स्थायी आवास निर्माणमा सघाउन चाहने संघसंस्थाले सरकारसँग समन्वय गरी काम गर्नुपर्छ। संघसंस्थाले गर्ने सहयोग सरकारसँगको संझौतामा आधारित हुन्छ।

कारितास नेपालले भूकम्प-प्रभावित जिल्लाका भूकम्प पिडितको दिर्घकालिन आवास निर्माणमा सहयोग गर्ने योजना बनाइरहेको छ। सो योजनाले अन्तिम रुप नपाएको र त्यसबारेमा अहिलेसम्म सरकारसँग कुनै संझौता नभएको जनाएको छ।

कति संख्यामा घर बनाउन सहयोग गर्न सकिने भन्ने कुरा संस्थाको बजेटमा निर्भर हुने कारितासले जनाएको छ। कारितासले काम गर्ने जिल्लाहरु हालसम्म निर्धारण भएका छैनन्। तसर्थ, अहिले कारितास नेपालको पाँचखालमा घर बनाउने योजना छैन।

मणिन्द्र मल्ल
कार्यक्रम शाखा प्रमूख
कारितास नेपाल
०१५५३८१७२

# अङ्क २१ बाट



## फूल्पिङकोट, सिन्धुपाल्चोक

"सडक र अन्य बाटो बनाउने काम गरे वापत दशैंअघि ८ हजार र दशैंपछि ८ हजार पाइन्छ भनेर काम गरियो तर अहिलेसम्म एक रुपैयाँ पनि पाइएन। आफ्नै गाउँको काम गरेको के पैसा दिनु भनेर नदिएको त हैन ?"

## जवाफ

गत हप्ता (अङ्क २१) मा स्थानीय साझेदारको सहयोगमा, विश्व खाद्य कार्यक्रमले सिन्धुपाल्चोकमा कार्यान्वयन गरेको 'कामका लागि नगद' कार्यक्रममा सहभागिलाई काम वापतको रकम भुक्तानी ढिला भएको भन्ने सवाल समेटिएको थियो।

हामीले स्थानीय बैंकहरुबाट रकम वितरण गर्दा अपेक्षित भन्दा बढि समय लागेको जानकारी दिएका थियौं। विश्व खाद्य कार्यक्रमले ढिला हुनुमा तल उल्लिखित लगायत विभिन्न कारण रहेको जनाएको छ।

सहभागिहरुको हाजिरी प्रमाणिकरणमा समय लाग्नु, कतै तोकिएका शर्त पूरा नहुनु र दर्ता भएका सहभागिको नामावली प्रविष्टीमा गल्ती देखिनुले भूक्तानी दिनुपर्नेहरुको सहि तथ्याङ्क प्राप्त हुन नसक्नु जस्ता कारणले रकम वितरणमा ढिलाई भएको विश्व खाद्य कार्यक्रमले बताएको छ।

'कामका लागि नगद' कार्यक्रममा समेटिएका ३४ मध्ये ३२ गाविसमा मंसिर १८ सम्ममा रकम वितरण सकिएको र बाँकी दुईवटा गाविस, थाङपालकोट र फूल्पिङकोटका सहभागिलाई तिर्न बाँकी रकम मंसिर २४ भित्र  भुक्तानी सकिने अपेक्षा गरिएको थियो।

क्याथरिन क्यारी
कार्यक्रम संयोजक
विश्व खाद्य कार्यक्रम
९८०१०८३५४६

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। मंसिर १७ गतेदेखि २४ गतेसम्म ६ जिल्लाका करिव १८५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group data-driven development    Internews